## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -११६

आज मिति २०८२/०२/२३ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | बुटी तामाङ |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ११६ मितिः २०८२/०२/२३

**प्रस्तावहरुः**

१) १८ औ गाउँ सभाको मिति तोक्ने सम्बन्धमा।

२) गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) अनुमोदन सम्बन्धमा।

३) अनिवार्य तथा निशुल्क शिक्षाको घोषणा सम्बन्धमा।

४) घाटु नाचको रकम भुक्तानी सम्बन्धमा।

५) विपद् जोखिम न्यूनिकरणको लागि सामाग्री खरिद सम्बन्धमा।

६) BTCSOL कार्यक्रम सञ्चालन सम्बन्धमा।

७) घ-वर्गको इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा।

८) कार्यक्रम साझेदारी स्वीकृत तथा अनुमोदन सम्बन्धमा।

**निर्णयहरुः**

१. गाउँपालिकाको १८ औं गाउँसभा (बर्षे अधिवेशनको पहिलो बै०क) मिति २०८२ महिनाको ०१ गते विहान ११:३० बजे बस्ने गरी आवश्यक प्रबन्ध मिलाउने गरी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

२. उत्तरगया गाउँपालिकाको लोगो निर्माण समितिबाट छनौट भई आएको शंखरापुर नगरपालिका वडा नं.९ निवासी श्री राम कुमार थापाद्धारा तयार गरिएको गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) स्वीकृत गरी अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

३. बागमती प्रदेशको अनिवार्य तथा निशुल्क शिक्षा घोषणा अनुदान सम्बन्धी कार्यविधि,२०८१ को दफा ९ बमोजिम यस गाउँपालिकाका पाँच वटै वडामा अनिवार्य तथा निशुल्क शिक्षा घोषणा भई सकेको हुँदा गाउँ शिक्षा समितिको मिति २०८२।०२।०५ गतेको निर्णयानुसार यस गाउँपालिकास्तरिय अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम घोषणा गर्ने कार्यक्रम मिति २०८२।०२।२८ गते गर्ने गरी कार्य अगाडी बढाउन शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो।

होमनाथ दाहाल
शासकीय अधिकृत

४. बुद्ध जयन्तीको अवसरमा गुरुङ समुदायको घाटुनाच कार्यक्रम सम्पन्न भएको हुँदा उक्त कार्यक्रम विविध शिर्षकबाट रु.५०,०००/-(अक्षेरुपी पचास हजार रुपैंया मात्र) भुक्तानी दिने निर्णय गरियो।

५. उत्तरगया गाउँपालिका वडा नं. ४ ढुङ्गे पहिरोको बीचमा जोखिम अवस्थामा अडिएर रहेको ढुङ्गा व्यवस्थापनका लागि गाउँपालिका तर्फ यस आ.व. मा बजेट विनियोजन भएता पनि रकम अपुग भएकोले अपुग रकम व्यवस्थापनका लागि प्रदेश सरकारलाई अनुरोध गरिएको, रकम ढिला प्राप्त भएको र नेपाली सेना संगको सहकार्य (G2G) प्रक्रियामार्फत विष्फोटक पदार्थ खरिद र ढुङ्गा फुटाउने र अन्य आवश्यक सामाग्री/उपकरणहरु गाउँपालिकाले खरिद गर्ने सहमती अनुरुप विष्फोटक पदार्थ खरिद अनुमतिका लागि तहगत विपद् व्यवस्थापन समितिमार्फत निर्णय गरी पटक-पटक अनुरोध पश्चात तालुक मन्त्रालयबाट अनुमति लगायतका निर्णयहरु हुन ढिला भएको र २०८२ सालको मनसुनबाट उक्त ढुङ्गा प्रभावले वस्ती अझै प्रभावित हुन सक्ने हुँदा यहि वर्षात अघि ढुङ्गा व्यवस्थापनका लागि सामाग्री खरिद गर्दा सिमित अवधि र विपद् जोखिमलाई मध्यनजर गरी सार्वजनिक खरिद ऐन,२०६३ ले परिभाषित गरेको विशेष परिस्थिति अनुरुप सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६६ बमोजिम विशेष परिस्थिति उत्पन्न भई खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानीनोक्सानी हुने अवस्था आइपरेमा सार्वजनिक निकायले तत्काल खरिद गर्न वा गराउन सक्ने व्यवस्था र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४५ बमोजिम आकस्मिक परिस्थितिको सामाना गर्न एउटामात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता लिखित दरभाउ लिई उचित मुल्यको लागि वार्ता गरी खरिद गर्न सक्ने व्यवस्था बमोजिम लागत अनुमान र मुल्याङ्कन अनुसार सोझै खरिद विधि अपनाई कार्य अघि बढाउने निर्णय गरियो।

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ११६ मितिः २०८२/०२/२३

६. यस गाउँपालिकामा लुम्बिनी बुद्ध विश्वविद्यालयसँग सहकार्य गरी BTCSOL कार्यक्रम सञ्चालन गर्न पत्राचार गर्ने र कार्यक्रम सञ्चालनको लागि सहकार्य अन्तर्गत आवश्यक नीति तथा सहुलियत उपलब्ध गराउन गाउँपालिकाले प्रतिवद्धता जनाउने निर्णय गरियो।

७. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा उल्लेखित व्यवस्था बमोजिम समिति मार्फत पेश भएका देहाय बमोजिमका निर्माण व्यवसाय फर्म तथा कम्पनीलाई तपसिल बमोजिमको क्षेत्रमा कार्यालय स्थापना गरी सञ्चालन गर्ने गरी सोही कार्यविधिको अनुसूची ३ बमोजिमको इजाजत प्रमाण-पत्र उपलब्ध गराउने निर्णय गरियो।

- श्री रुवि ईन्जिनियरिङ्ग विल्डर्स एण्ड सप्लायर्स प्रा.लि, उत्तरगया गा.पा.- २. रसुवा।

८. टेवा नेपालको आर्थिक सहयोग र सामाजिक कल्याण तथा वातावरण संरक्षण सोसाइटी रसुवा नेपालले गाउँपालिकाका महिला जनप्रतिनिधि तथा अगुवा महिलाहरुका लागि नेतृत्व विकास कार्यक्रम सञ्चालन गरेकोमा उक्त कार्यक्रम सञ्चालनको क्रममा खाजाको व्यवस्थापनका लागि भएको खर्च वापतको रकम रु. ५०,०००/-(अक्षेरुपी पचास हजार रुपैंया मात्र) गाउँपालिका मार्फत भुक्तानी गर्ने निर्णय गरियो।